# धरान उपमहानगरपालिका

# सुनसरी, प्रदेश नं. १, नेपाल

# आ. ब.२०७५/०७६ को वजेट तथा कार्यक्रम बक्तव्य

आदरणीय सभाध्यक्ष महोदय,

आदरणीय धरानवासीको अमूल्य मतद्धारा निर्वाचित भई कार्यारम्भ गरेको एक वर्ष पश्चात सम्मानित नगर सभाको अधिवेशनमा दोस्रो बजेटको रुपमा धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को वार्षिक बजेट तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णय अनुसार प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुश गरेको छु ।

यस अवसरमा नेपालको लोकतान्त्रिक गणतन्त्रमा योग्दान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै मुलुकको सामाजिक आर्थिक विकासमा योग्दान पुर्याउनु हुने विभिन्न राजनैतिक नेतृत्व, अग्रज तथा सरोकारवालाप्रति हार्दिक सम्मान समेत प्रकट गर्न चाहन्छु ।

हामीले धरान उपमहानगरपालिकाको नेतृत्व लिइरहदा लामो समयको अन्तराल पछि स्थानीय तहले जनप्रतिनिधी प्राप्त गरेकाले नगरवासीहरुका विकास प्रतिका आकांक्षाहरु धेरै रहेका थिए । स्थानीय तहको निर्वाचन सकिएता पनि संघ र प्रदेश सभाको निर्वाचन भै नसकेको हुंदा सबै सो अभियानमा लाग्नु पर्ने भएको साथै कानूनहरुको समेत अभाबका कारण नगरको आन्तरिक आयमा उल्लेख्य बृद्धि गर्न सक्ने परिस्थिती  थिएन, सो कारणले नगरको आन्तरिक आयमा उल्लेख्य बढोत्तरी हुन सकेन । तर यो एक वर्षको अवधिमा सिमित श्रोतवाट असीमित आबस्यकताहरु पूरा गर्न भरमग्दुर प्रयास गर्दै जनतालाई प्राथमिकताको आधारमा परिवर्तनको अनुभूती गराउन प्रयासरत् रह्यौं भन्ने लागेको छ ।

जनसहभागितामा नेपालमै नमुनाको रुपमा धरानका विकासका ठूला अवसरका साथै चुनौति पनि रहेका छन् । नगर भित्र विगतमा भए गरेका राम्रा पक्षहरु र मुख्यतः गत एक वर्षमा भएका ठोस प्रयासहरुले प्रारम्भिक नतिजा देखाउन शुरु गरेको भएतापनि अझै वृहत्तर सोच र अभियानका साथ प्रशासनिक सक्षमताका साथ जनप्रतिनिधिको अगुवाई र जनताको अपनत्वमा धरानको सामाजिक आर्थिक विकासको प्रत्येक तह र तप्काका सूचकलाई मूर्त रुप दिँदै अगाडी बढन नगर कार्यपालिकाले योजनाबद्ध कार्यप्रणालीलाई संस्थागत गर्दै जाने नीति लिएको आदरणीय धरानवासी समक्ष जानकारी गराउन चाहन्छु ।

चालु आ.व.को खर्च प्रगति संक्षिप्त समीक्षा गर्दा कुल बजेट रु. १ अर्व ६२ करोड ६७ लाख मध्ये चालु तर्फ विनियोजित रकमको ६८ प्रतिशत र पूँजीगत तर्फ ५३ प्रतिशत खर्च भएको छ ।

सहरी पूर्वाधार निर्माणतर्फ चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा ४.५ कि.मी. ढल निर्माण भएका छन् भने ४.१२ कि.मी. ढल निर्माणाधिन अवस्थामा रहेको छ । त्यसै गरी ४४६ मी. सडक कालोपत्रे सम्पन्न भएका छन् भने ६.३ कि.मी. सडक कालोपत्रे हुने अवस्थामा रहेको छ । सडक तथा ढल निर्माणतर्फ भने २.४३ कि.मी. निर्माणाधिन अवस्थामा रहेको छ । ७९४ मी. आर.सी.सी. सडक निर्माण

सम्पन्न भएको र १.३ कि.मी. निर्माणाधिन अवस्थामा रहेको । १.२ कि.मी. रिटेनिंगवाल निर्माण सम्पन्न भई सकेका छन् भने ११३ मी. निर्माणाधिन अवस्थामा रहेको छ । त्यसैगरी १.५ कि.मी. स्ल्याव निर्माण भईसकेको छन् भने ६२६ मी. निर्माणाधिन अवस्थामा रहेको छ । मर्मत तर्फ ११.४ कि.मी. सडक कालोपत्रे, १ कि.मी. पैदल मार्ग, २६.८४ कि.मी. ट्र्याक चौडा, १६० मी. ग्राभेलिंग, ९१२ थान तारजाली ग्यावियन लगाउने कार्य, ९ स्थानको खेलमैदान, ९०० मी. खानेपानी पाईपलाईन निर्माण र ४ स्थानमा कल्भर्ट निर्माण सम्पन्न भई सकेका छन् ।खानेपानी आयोजना तर्फ केन्द्रीय प्रणाली अन्तर्गत चारकोसे जंगल क्षेत्रमा निर्माण गरिएको डिप ट्युवेलबाट पिण्डेश्वर तथा सुम्नीमा प्रणालीको ट्यांकीमा पानी पुर्‍याई वितरणको प्रक्रिया शुरु गरिएको, सतह स्रोतको पानी सुदृढीकरण गर्ने अवयव सेडिमेन्टेन्सन, ट्यांक तथा फिल्टर आदि निर्माण सम्पन्न गरिएको छ । प्रस्तावित पाँच वटा वितरण प्रणाली मध्ये विजयपुर उपप्रणालीको काम हालसम्म स्थगित रहेको तथा अन्य सम्पूर्ण प्रणालीको ९५ प्रतिशत प्रगति हासिल भई वडा नं. १७ मा खानेपानी सेवा शुरु भएको छ । एकीकृत खानेपानी योजना तर्फ वित्तीय प्रगति ६१.७६ प्रतिशत रहेको छ । साथै लैंगिकमैत्री, बालमैत्री, पूर्ण सरसफाइ, सूचना प्रविधि मैत्री सेवा विस्तार गर्न सबै वडामा अप्टिकल फाइबर जडान आदि शुरुआत र निरन्तर कार्यान्वयनमा रहेका छन् ।

पूर्वकै नमुना शहरको रुपमा परिचित धरानको बहुआयामिक र बहुक्षेत्रीय विकासको गतिलाई अझ व्यवस्थित, दीगो र दरिलो बनाउन उपलब्ध स्रोत साधनको अधिकतम परिचालन र सदुपयोग गर्दै संघ, प्रदेश तथा विकास साझेदारसँगको सहकार्यमा स्रोत अभिवृद्धि गर्दै समुद्ध नेपाल, सुखी नेपाली र खुशी धरान बनाउने लक्षका साथ अघी बढन उपमहानगर केन्द्रित भएको छ । साथै बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक र प्राकृतिक सम्पदाले भरिपूर्ण अनेकतामा एकताः विविधतामा समानतामूखी धरानको अनन्त संभावनालाई उजागर गर्दै जनताको अपेक्षा अनुरुप विकास र सेवा प्रवाहलाई अगाडी बढाउन दीर्घकालीन, मध्यकालीन र तत्कालीन आवश्यकतालाई प्राथमिकीकरण गरी योजना तर्जुमा र कार्यान्वयनमा प्रभावकारिता देखाउन आगामी आर्थिक वर्षको नीतिगत पक्ष लक्षित छ ।

आ. ब. २०७५।०७६ को नीति कार्यक्रम तथा वजेट तयार गर्दा विषेश गरेर निम्न कुराहरुलाई आधार लिएको कुरा समेत जानकारी गराउन चाहन्छु ।

(क) विगतका नगर सभावाट स्वीकृत भई चालु अबस्थामा रहेका र सम्पन्न हुन वाकी रहेका आयोजनाहरु ।

(ख) वडा समिति वाट नगरस्तरीय योजनाकालागि प्राथमिकीकरण भएर आएका आयोजनाहरु

(ग) धरानको दीर्घकालीन सोच पुरा गर्ने नगरको गौरवका महत्वपूर्ण आयोजनाहरु

(घ) साबिकका गाउं बिकास समितिहरु समायोजन हुदा वनेका वडाहरुको अबस्था

(ङ) बढी भन्दा बढी जनसहभागीता जुट्ने आयोजनाहरु ।

(च) लक्षित वर्गका कार्यक्रमहरु लक्षित वर्गमानै पुग्न सकुन भन्ने ध्येय आदि।

सभाध्यक्ष महोदय,

अब म अनुमानित आय व्ययको विबरण पेश गर्न चाहन्छु

**आगामी आर्थिक वर्ष २०७५।०७६ को कूल बजेट** रु. १ अर्ब ८० करोड रहेको छ। आम्दानी तर्फको **अनुमान यस प्रकार रहेको छः**

| क्र.स. | आय शीर्षक | |
|---|---|---|
| १ | विभिन्न करहरु | : ६ करोड७२ लाख ६५ हजार |
| २ | विभिन्न शुल्क तथा दस्तुरहरु | : ७ करोड ४८ लाख |
| ३ | सम्पत्ति वहाल | : ३३ लाख ८५ हजार |
| ४ | अन्य आय | : ४५ लाख पचास हजार |
| ५ | स्रोत वाडफाड वाट आय | : ७ करोड ३ लाख २० हजार २०० |
| ६ | जनसहभागिता वापत | : ३ करोड |
| ७ | मौज्दात सार्ने | : १० करोड ८३ लाख १५ हजार |
| ८ | अनुदान तथा सहयोग | : १ अर्ब ४ करोड १३ लाख |
| ९ | उपमहानगरपालिका तर्फको जम्मा | : १ अर्ब ४० करोड |
| १० | एकीकृत शहरी विकास आयोजना तर्फको | : रु ४० करोड |

**(क) आय तर्फ :**

धरान नगरपालिका उप महानगरपालिकामा स्तर उन्नती भए पनि यसको आन्तरिक आम्दानी विगत देखिनै न्यून रहेको हामी सबैलाई थाहा ज्ञात नै छ। नगरको प्रमुख आयको स्रोत मानिएको एकीकृत सम्पत्तिकरको विषयमा विगत देखिनै करको दररेट पुनरावलोकन हुन नसकीरहेकोमा आ.ब २०७५।०७६ मा एकीकृत सम्पत्तिकरको सट्टामा भौतिक संरचना भएको जग्गामा सम्पत्तिकर र खाली जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने भएकाले सम्पत्तिकरको दररेटलाई प्रतिशतमा आधारीत गरी नयां दर प्रस्ताव गरिएको छ। त्यस्तै भूमिकर सम्बन्धमा साविक धरानको १ देखि १९ वडाको हकमा प्रतिधूर दश रुपैंया र साविक विष्णूपादुका र पाचकन्याको हकमा प्रति धुर पाँच रुपैंया लिने प्रस्ताव गरिएको छ। व्यबसाय करको दरमा पनि केहि प्रतिशत बृद्धि गरी नयां करको दर प्रस्ताब गरिएको छ। त्यस्तै नगरको आम्दानी बृद्धिका लागि करका अन्य बैकल्पीक श्रोतहरुको खोजि गर्ने साथै करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने उद्देश्यराखिएको छ।

अब म आर्थिक वर्ष २०७५।०७६ का लागि विभिन्न खर्च शीर्षकमा विनियोजन भएको वजेटको सारांश प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आ.ब. २०७५।०७६ को प्रस्तावित व्ययको तर्फ** चालू खर्चमा रु. ४४ करोड ५६ लाख ५४ हजार ८ सय (२४.७६ प्रतिशत), पूजीगत खर्च रु १ अर्ब ३२ करोड ५१ लाख ४५ हजार २ सय (७३.६२) र वित्तीय व्यवस्था (सावाँ व्याज भुक्तानी) रु. २ करोड ९२ लाख (१.६२ प्रतिशत) रहेको छ।

आगामी आ.व.को मुख्य विनियोजन निम्नानुसार रहेको छः

(१) लामो समयको अन्तराल पछि निर्वाचन भई जनप्रतिनिधी बहाली भएका साथै सिंहदरवारका अधिकार जनताको घरदैलोमा पुरयाउने संविधानको भावना अनुसार वडा समितिहरुले आफ्नो स्थानीय आबस्यकता अनुसार योजनाहरु वडावाटै छनौट गरी संचालन गर्न पाउने साथै वडा समितिहरुको

प्रशासनीक खर्च समेत गर्नपाउने गरी सुत्रमा आधारीत भई २० वटा वडाहरुका लागि प्रशासनीक खर्च वापत रु १ करोड ४० लाख र पूजीगत खर्च तर्फ ८ करोड ६० लाख गरी जम्मा १० करोड विनियोजन गरिएको छ ।

(२) चालु  खर्च तर्फ सामाजिक सुरक्षा कार्यक्रम र विषयगत कार्यालयबाट प्राप्त हुने सशर्तको समेत जम्मा रु ४४ करोड ५६ लाख ५४ हजार ८०० विनियोजन गरिएको छ ।

(३) त्यस्तै उप महानगरपालिकाको पूजीगत खर्च तर्फ रु ४० करोड७६ लाख ४० हजार २ सय विनियोजन गरिएको छ ।

(४) विषयगत शाखा अर्न्तगत ( समायोजन भएर आएका विषयगत कार्यालयहरुको ) पूजीगत खर्च रु ३९ करोड १५ लाख ५ हजार विनियोजन गरिएको छ ।

(५) वित्तिय व्यबस्था अर्न्तगत उप महानगरपालिकाले लिएको ऋणको सावा र व्याज भुक्तानी कालागि रु २ करोड ९२ लाख विनियोजन गरिएको छ ।

(६) एकीकृत शहरी विकास आयोजना अर्न्तगत खानेपानी आयोजनाका लागि रु ४४ करोड विनियोजन गरिएको छ ।

(७) धरानलाई खेलकुदको उर्वर भूमिको रुपमा लिईन्छ भने विगत देखिनै खेलकुदका थुप्रै इभेन्टहरु संचालन हुने गरेका, उप महानगरपालिका स्वयं संयोजक रहेर समेत खेलकुद कार्यक्रमहरु संचालन हुने गरेका साथै खेलकुदको माध्यमवाट समेत पर्यटन प्रबर्द्धन हुन सक्ने भएकालेउक्त कुराहरुलाई समेत मध्यनजर गरी खेलकुद विकासकालागि खेलकुदका पूर्वाधारहरु निर्माण गर्न साथै विगत देखि संचालनहुदै आएका विभिन्न खेलकुदको विकासका लागि रु. १ करोड २ लाख विनियोजन गरिएको छ ।

(८) धरान उप महानगरपालिकाको दीर्घकालिन सोच अनुरुप पर्यटन विकासकालागि पर्यटकीय स्थालहरुको पूर्वाधार विकास लगायत पर्यटन प्रबर्द्धनकालागि रु. २ करोड ६२ लाख विनियोजन गरिएको छ ।

(९) लक्षित वर्गका कार्यक्रमहरु साच्चिकै लक्षित वर्ग सम्म पुगुन भन्ने उद्देश्यले प्रतेक वडाहरुलाई विनियोजन गरिएको रकम वाट चालिस प्रतिशत रकम छुट्टाई वडा तहमा १५ प्रतिशत वालबालिका लक्षित, १० प्रतिशत महिला लक्षित र १५ प्रतिशत अन्य लक्षित वर्गका कार्यक्रमकालागि वजेट विनियोजन गर्नु पर्ने व्यबस्था मिलाइएको जस अनुसार वडा तहवाट रु ३ करोड ४४ लाख विनियोजन भएको साथै नगर स्तरवाट समेत रु १ करोड७३ लाख ४१ हजार विनियोजन गरिएको छ ।

**भौतिक पूर्वाधार विकास तर्फ :**

नगरको विकासको एउटा महत्वपूर्ण सूचकको रुपमा भौतिक पूर्वाधार विकासलाई लिइन्छ । धरानले जनसह भागिता परिचानको माध्यमवाट भौतिक पूर्वाधार विकासमा लामै फड्को मारेता पनि बढ्दो शहरीकरण र जनघनत्वका कारण तिव्र मानब बस्तीको विकास हुनसका साथै समायोजन भएर आएका गा.बि.तर्फका केहि वडाहरुमा सडकका ट्याक सम्म नहुनु अनि १ मिटर सम्म कालोपत्रे सडकहरु नहुनु जस्ता कुराहरु यस उप महानगरपालिकाका लागि निकै ठूला चुनौतिका विषयहरु हुन ।मुख्य शहरी क्षेत्रमा समेत सागुरा सडकहरुको स्तरोन्नती गर्न लगायत अन्य थुप्रै काम गर्न निकै ठूलो वजेट

आबस्यक पर्ने देखिन्छ । यद्यपी विकासका कामहरु एकैपटक जादुको छडी झैं गर्न नसकिने र विस्तारै आबस्यकताको आधारमा गर्दै जान सकिने कुरालाई मध्य नजर गर्दै तपशिल अनुसार विनियोजन गरिएको छ ।

(१) विगत आर्थिक वर्ष देखिनै सरी आएका संचालन भई रहेका क्रमागत योजनाहरुका लागि रु १३ करोड विनियोजन गकिरएको छ ।

(२) नगरको समग्र विकासका लागि दीर्घकालिन नगर नगर गौरवका आयोजनाहरुका लागि रु ७ करोड विनियोजन गरिएको छ ।

(३) नगर प्रमुखको कोषको लागि रु. १ करोड विनियोजन गरिएको छ ।

*आदरणीय अध्यक्ष महोदय,*

अव म आगामी आर्थिक वर्षको आय र व्यय सहितको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । धरान उपमहागनरको आन्तरिक आम्दानी, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक ऋण समेत गरी कुल बजेट रु. १ अर्व ८० करोडको अनुमान गरिएको छ । आम्दानी तर्फ आन्तरिक आयबाट रु. १६ करोड, संघीय समानिकरण एवं सर्शत अनुदान र राजस्व बाँडफाँडबाट रु. २८ करोड ६४ लाख, प्रदेश समानिकरण, सर्शत अनुदान र राजस्व बाँडफाँडबाट  रु.६० लाख १७ हजार, सडक बोर्डबाट , नगर विकास कोषबाट प्राप्त हुने ऋण रु. २ करोड समेत प्राप्त हुने अनुमान गरिएको छ ।

अव म "*शिक्षा, स्वास्थ, पर्यटन तथा व्यापारिक पुर्वाधारः बहुसांस्कृतिक, आवासीय समृद्ध शहर भन्ने धरान*"*को दुरदृष्टिलाई* मूर्त रुप दिने नीति अनुरुप सामाजिक तथा प्राकृतिक सौन्दर्यताले भरिपुर्ण सुन्दर नगरी धरानलाई शैक्षिक, आर्थिक र सामाजिक रुपमा समृद्ध बनाउन कार्यपालिकाको निर्णय अनुसारका नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।आगामी आर्थिक वर्ष २०७५।०७६ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धीनीति तथा कार्यक्रम :**

१. नागरिकको आधारभूत विवरण, पेशा व्यवसाय, सामाजिक आर्थिक विकासको अवस्था, संस्थागत सूचना आदि झल्किने गरी बहुक्षेत्रीय तथ्यांक पद्धति सहितको डिजिटल नगर पार्श्वचीत्र (Digital City Profile) तयार गरिनेछ र वेवसाइटमा राखी सूचनाको हकलाई संस्थागत गर्ने नीति लिइनेछ ।

२. धरानको बहुआयामिक विकासका लागि सबै सरोकारवालासंग सहकार्य, साझेदारी र समन्वय गर्न धरानवासी कै अगुवाई र अपनत्वमा सबै क्षेत्रको विकासको लागि दिर्घकालिन रणनिति तर्जुमा वा अद्यावधिक गरिनेछ र यसै क्षेत्रगत रणनितिका आधारमा दीगो विकासको धरानको यात्रा तय गरिनेछ ।

३. उपमहानगरपालिकाको प्रशासनिक व्यवस्थापनलाई थप प्रभावकारी र चुस्त बनाउँदै सेवा प्रवाहलाई नतिजामूलक बनाई सुशासन संस्थागत गर्ने नीति अवलम्वन गरिनेछ । भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलतालाई कार्यान्वयन गरिनेछ ।

४. कार्यपालिकाको कार्यालय र वडाको विद्यमान संगठन तथा व्यवस्थापनको विज्ञबाट अध्ययन गराई उपयुक्त संगठन संरचना, दरबन्दि, कार्य विवरणको तयारी गरी कार्यान्वयन गरिनेछ । वडा कार्यालयलाई सेवा केन्द्रको रुपमा विकास गर्न पूर्वाधार विस्तार गरिनेछ ।

५. धरानलाई सूचनाप्रविधि मैत्री नगरको रूपमा रूपान्तरण गर्न आवश्यक पूर्वाधारहरू सुदृढ गर्दै वडा तथा नगरले प्रवाह गर्ने सेवाको एकीन गरि कार्यविधि तयार गरि सेवा प्रवाहमा एक रुपता कायम गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विशेष जोड दिईनेछ । साथै कर्मचारीले सम्पादित कामको अनुगमन र मूल्यांकन गर्ने व्यवस्था समेत मिलाईनेछ ।

६. मानव संसाधन विकास (जनप्रतिनिधि र कर्मचारी दुवै) का लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा तथा क्षमता विकासका योजना बनाई क्रमशः कार्यान्वयन गरिनेछ ।

७. कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्तिविकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइने छ । उपमहानगरपालिका कर्मचारी व्यवस्थापन नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

८. कार्यालयको अभिलेखपद्धतिलाई व्यवस्थित, छरितो र सुरक्षित बनाउनका लागि अनावश्यक कागजातहरूलाई धुल्याउने र महत्वपूर्ण अभिलेखलाई डिजिटाइजेसन गरिने छ ।

९. सर्वसाधारण सवैमा सूचना पहुंचलाई अभिवृद्धि गर्न र नगरका कृयाकलापहरुमा पारदर्शिता हांसील गर्न नागरीक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कृयाकलापको माध्यमको प्रयोग गरिनेछ ।

१०. संघ र प्रदेशसँगको समन्वयमा कर्मचारी व्यवस्थापन गरी हरेक वडामा आवश्यक दक्ष प्रशासनिक तथा प्राविधिक कर्मचारीको व्यवस्था गरी सेवा प्रवाहमा चुस्तता कायम राख्ने नीति लिइनेछ । हाल नगर कार्यपालिकाको कार्यालयमा रहेको कर्मचारीको अभावलाई मध्येनजर राख्दै स्वयंसेवक तथा करारमा व्यवस्था गर्ने कार्यलाई कायम राखिनेछ ।

११. धरानवासीलाई सार्वजनिक सुरक्षाको अनुभूति दिलाउन सार्वजनिक सेवा र अत्यावश्यक सेवा प्रवाह प्रभावकारी रुपमा प्रदान गर्ने सुनिश्चिततताका लागि सबै सरकारी कार्यालय तथा प्रहरी प्रशासन सँगको समन्वय वृद्धि गरिनेछ ।

१२. सवै प्रकारका तीन पांग्रे सवारी साधनको सवारी चालक अनुमती पत्र लिनु पर्ने स्थानीय कानून निर्माण गरी नगरवासीलाई सुरक्षीत नगर यातायात सेवाको प्रत्याभूती गराईनेछ ।

१३. खाद्यान्नको गुणस्तर कायम गर्न रसायनिक विषादि प्रयोग नभएको गुणस्तरयुक्त खाद्य सामग्री मात्र आपूर्ति व्यवस्था मिलाउन निजी क्षेत्रसँगको सहकार्यमा संयन्त्र बनाई अनुगमन तथा कार्वाहीलाई जोड दिइ **स्वस्थ सामाग्रीको व्यवसायः धरानवासीको मनसाय** अभियान चलाइनेछ ।

१४. आम नागरिकसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको आपूर्ति र गुणस्तर कायम गर्न धरान उपमहानगरपालिकाको बजार अनुगमन निर्देशिका कार्यान्वयन गरिनेछ ।

१५. खाद्यपदार्थ, वायु, जल, माटो लगायतको परीक्षणका लागि सरोकारवाला निकाय तथा विश्वविद्यालय र आंगीक क्याम्पससंगको सहकार्यमा प्रयोगशाला सेवा सञ्चालन गरिने छ ।

१६. धरानका प्रवुद्ध समूहको समेत सहयोगमा अन्तर(पुस्ता ज्ञान आदान प्रदान गर्दै विकास प्रक्रियालाई नागरिकको रुपान्तरणकारी भूमिकामा आबद्ध गर्न ुविकासका लागि बौद्धिक बहसु कार्यक्रम शुरुआत गरिनेछ ।

१७. नगरको बहुआयामिक विकासका लागि विभिन्न विषयगत क्षेत्रमा सार्वजनिक सेवा र सुविधालाई वृद्धि गर्न र नगरको आम्दानी समेत बढाउने उद्देशयले सार्वजनिक निजि साझेदारी (PPP Policy) सम्बन्धी नीति सरोकारवालासँगको समन्वयमा तर्जुमा गरी लागु गरिनेछ ।

१८. सार्वजनिक तथा सरकारी जग्गा जमिन खोजी गरी संरक्षण र उपयोग गरिनेछ ।

१९. अनौपचारिक क्षेत्रका मजदुरको अभिलेख राखी परिचयपत्र प्रदान गरी सम्बन्धित व्यवसायीले कार्य सुरक्षा सामाग्रीको व्यवस्था गर्नुपर्ने नीति लिइनेछ ।

२०. विकास प्रक्रियामा संचार क्षेत्रको महत्वपूर्ण भूमिकालाई अझ प्रभावकारी बनाउन समग्र संचार जगत र पत्रकार महासंघ सँगको सहकार्यलाई थप वृद्धि गर्दै लगिनेछ ।

२१. अन्तर स्थानीय तह समन्वय गरेर आयोजना विकास तथा विकासमा साझेदारी गरिनेछ ।

२२. यस अघिका नगर सभाबाट भएका नीतिगत निर्णयलाई निरन्तरता दिई कार्यान्वयनमा ल्याइनेछ ।

**सामाजिक विकास क्षेत्र** :

**बालबालिका तर्फ**

२३. बालमैत्री नगर बनाउने सूचक सबै सरोकारवालाले प्रत्याभूति गरी गराई २०७५ साल भित्रमा धरानलाई बालमैत्री नगर घोषणा गरी बालमैत्री स्थानीय शासन अबलम्वन गरिनेछ र दीगोपना कायम गर्ने रणनीति लिइनेछ ।

२४. हरेक टोलमा एक बाल उद्यान व्यबस्था गर्ने नीति लिईनेछ । बाल उद्यान तथा खुला क्षेत्र स्थापना गर्न जग्गा दान दिने दाताकै नाममा सो पार्कको नामाकरण गरिनेछ । बाल उद्यान बनाउने स्थानमा थप वजेटको व्यबस्था समेत गरिनेछ ।

२५. सामुदायिक पुस्तकालयहरूको स्तरोन्नति गरी ई-पुस्तकालय सञ्चालनमा समेत जोड दिइनेछ ।

२६. बालबालिकाहरुको क्षमता विकास, नेतृत्व विकास लगायतका कृयाकलापमा उनीहरूको अर्थपूर्ण सहभागिता बढाइनेछ । नगरको योजना निर्माण प्रकृयामा बालबालिकाको बस्ती स्तरबाटै सहभागिता सुनिश्चित गरिनेछ ।

२७. सबै विद्यालय तथा बाल बालविकास केन्द्रमा सरकारी स्वास्थ्यकर्मीबाट नियमित स्वास्थ्य परीक्षणको व्यबस्था मिलाईनेछ । विद्यालयस्तरका बालबालिकालाई मानसिक तथा शारीरिक विकासका लागि नियमित खेल प्रतियोगिता, शैक्षिक केन्द्र तथा संघसंस्थाको सहकार्यमा योग तथा अतिरिक्त क्रियाकलाप संचालन गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

२८. ५ वर्ष मुनिका बालबालिकालाई सृजनात्मक सिकाईका माध्यमवाट असल नागरिक वनाउने उद्देश्यले प्रत्येक वडामा घनत्व बढी भएको एउटा बाल बिकास केन्द्रलाई नमुना बनाई क्रमशः सबै केन्द्रलाई उत्कृष्टताको केन्द्र बनाईनेछ ।

२९. वाल विकास केन्द्रमा जाने उमेर समुहका बालवालिकालाई मापदण्डमूलक सृजनात्मक सिकाई विधि कार्यान्वयनमा ल्याई **"क, ख, ग, घ र १, २, ३, ४"** जस्ता पठन पाठन विधि अन्त्य गरी अनुगमन समेत गरिनेछ ।

३०. बालमैत्री कार्यका लागि प्रत्येक वडामा छुट्टै बजेट र कार्यपालिकाबाट रु. ८५ लाख विनियोज गरेको छु ।

**शिक्षाः**

३१. सबै माध्यमिक विद्यालयको सुधार योजनाको आधारमा विज्ञको सहभागितामा नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ । धरानलाई उत्कृष्ट शैक्षिक केन्द्र कायम गर्ने

सोचकासाथ सबै सरोकारवालालाई परिचालन गरिनेछ । साथै आवश्यकताका आधारमा शैक्षिक केन्द्र नक्सांकन, गाभ्ने, विषयगत शिक्षक तथा दरबन्दी मिलान र तदनुरुप भौतिक पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।

३२. सबै शैक्षिक केन्द्र, विद्यालय तथा बाल विकास केन्द्रका विवरण र सम्पूर्ण शैक्षिक तथ्यांकलाई नियमित अद्यावधिक गरी वेवसाईटमा अध्याबधिक गरिनेछ ।

३३. सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षाको गुणस्तरमा सुधार गर्न संघ र प्रदेशसंगको सहकार्यमा नमुना विद्यालय विकास विशेष कार्ययोजना अघि बढाइनेछ ।

३४. उत्कृष्ट कार्य गर्ने विद्यालय, बाल विकास केन्द्र, शिक्षक तथा सहयोगी कार्यकर्तालाई मापदण्डको आधारमा पुरष्कृत गरिनेछ ।

३५. आवश्यकता देखिएको क्षेत्रमा आधारभूत तहमा मातृभाषाको माध्यमबाट शिक्षण सिकाइलाई प्रोत्साहन गर्न अध्ययन गरी उपयुक्त कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

३६. प्राविधिक तथा जिवनोपयोगी शिक्षा प्रदान गर्ने र सक्षम जनशक्तिको विकास गर्ने शैक्षिक कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ ।

३७. शिक्षा क्षेत्रलाई धरानको विकासको आवश्यकता र सम्भाव्यताको अध्ययन अनुसन्धान र दीगोपना कायम गर्न साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ र धरानलाई शैक्षिक अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ ।

३८. विपन्न समुदायका विधार्थीलाई छात्रवृत्ति उपलब्ध गराईनेछ ।

३९. धार्मिक शैक्षिक केन्द्र (गुरुकुल, गुम्बा, मदरसा, गोन्पा लगायत) लाई समयसापेक्ष विकासका लागि प्रोत्साहित गरिनेछ ।

४०. साना तहका विद्यार्थी र कमजोर क्षेत्रका वडा नं. ४,५,६,११,१३ र २० मा विद्यालयमै खाजा प्रदान गर्ने गरी विद्यालय प्रतिको आकर्षण वृद्धि गर्ने नीति लिईनेछ । यसलाई आगामी वर्ष विस्तार गर्दै लगिनेछ ।

४१. स्थानीय शैक्षिक संस्थाहरू तथा निजी प्रतिष्ठानहरू समेतको सहकार्यमा धरानको विकाससँग सम्बन्धित विभिन्न अनुसन्धान तथा नवीनतम खोजलगायतका कृयाकलाप सञ्चालन गर्नका लागि सहकार्य अभिवृद्धि गरिने नीति लिइनेछ ।

**लैङ्गिक समता तथा सामाजिक समावेशीकरणः**

४२. धरानलाई लैंगिकमैत्री शहर बनाउने कायम गर्नकालागि कार्ययोजना तयार कार्यान्वयन शुरु गरिनेछ ।

४३. महिला, वालवालिका, पिछडिएका वर्ग, सुकुम्बासी, शहरी गरीब, सीमान्तकृत, मुश्लिम, अल्पसंख्यक जस्ता लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन बिशेष कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ । सामाजिक समावेशीकरणलाई संबद्ध संघसंस्थाहरूसँग समेत सहकार्य गरी नतिजामुखी बनाइने छ

४४. जेष्ठ नागरिकहरूका लागि कल्याणकारी कार्यक्रम सञ्चालनमा ल्याइने छ । साथै टोल स्तरमा जेष्ठ नागरिक चौतारी स्थापना गर्न वडाबाट सरोकारवालाको संलग्नतामा समन्वय गर्ने व्यबस्था मिलाईनेछ ।

४५. वैदेशिक रोजगारीमा गएका परिवारको महिला लक्षित गरी उद्यमशीलता विकासका कार्यक्रममा साझेदारी गरिनेछ । साथै विप्रषण आयलाई पूँजीकृत गर्ने कार्यमा उपयोग गर्ने नीति लिइनेछ ।

४६. अपाङ्गता भएका व्यक्ति र विद्यार्थीलाई आवश्यक सामग्री तथा उपकरण उपलब्ध गराइनेछ । यो समुदायको आयआर्जन र स्वावलम्बी जीवनयापन गर्न सम्बद्ध संस्थाहरू सँग सहकार्य समेत गरिनेछ ।

४७. लीला श्रेष्ठ सुब्बा सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन गरी गर्भवतीका लागि मासिक पोषण भत्ता प्रदान गरिनेछ । सुरक्षित मातृत्व कार्यक्रमबाट वञ्चित समुदायमा सो कार्यक्रम लक्षित गरी सञ्चालन प्रभावकारिता वृद्धि गरिनेछ । महिला स्वास्थय स्वयेंसेविकालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४८. एकल महिलाको उत्थानका कार्यक्रममा बढोत्तरी गरिनेछ ।

४९. दलित लगायत पछाडी परेका वर्ग र समुदायका, लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको आत्मसम्मान बढ्ने कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५०. ज्याला विभेदको अन्त्य गर्दै समान कामको लागि समान ज्याला कार्यान्वयनमा ल्याउन निजी क्षेत्र समेतसँग सहकार्य गरी अनुगमन व्यवस्था मिलाइनेछ ।

५१. महिला हिंसा मुक्त नगर बनाउँदै हिंसा पिडीतको लागि सेवा केन्द्र तथा पुनःस्थापन केन्द्र स्थापना तथा संचालनलाई निरन्तरता दिइनेछ ।

५२. विभिन्न लैंगिंक समुदायका आवश्यकता पहिचान गर्दै विकास प्रक्रियामा लैंगिक मूलप्रवाहीकरण र एकीकृत रुपमा सशक्तिकरणको नीतिलाई मूर्त रुप दिन एकीकृत र समन्वयात्मक प्रयासका लागि विद्यमान सामाजिक विकास समितिलाई पुनःसंरचना गरी ***लैंगिक तथा सामाजिक विकास समिति*** गठन गरी सबै सराकोरवालाको समन्वयमा प्रभावकारिता वृद्धि गरिनेछ ।

आदरणीय अध्यक्ष महोदय,

**आदिवासी जनजाती** :

५३. आदिवासी जनजातीको कला, संस्कृती, मातृभाषा, धर्म आदि संरक्षण, सम्बर्द्धन तथा विकास गर्न आदिवासी जनजाती विकास समिति मार्फत प्रभावकारी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

५४. सबै जातजातिको मौलिक संस्कृति नगरको आत्मसम्मान र सम्पत्ति को भावना जागृत गराई सास्कृतिक सम्बर्द्धन गरिनेछ ।

५५. बहुजातीय सांस्कृति संग्रहालय निर्माणलाई संघ तथा प्रदेशसँगको सहकार्यमा निरन्तरदा दिइनेछ ।

५६. लोपोन्मुख, पछाडि पारिएका, सिमान्तकृत समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**युवाः**

५७. युवा तथा खेलकुद सम्बन्धी कार्यक्षेत्र भएका संघसंस्था, क्लव, निकाय तथा कम्पनीहरूसँग समन्वय, सहयोग र सहकार्य गरी दीर्घकालीन लक्ष्य हासिल गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।

५८. युवालाई दुर्व्यसनमुक्त बनाउने सचेतनामूलक एवं उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५९. युवाहरूलाई सामाजिक सेवामा उत्प्रेरित गरी सामाजिक एवं सचेतनामूलक कार्यमा संलग्न गराउन स्वयंसेवकहरू परिचालन गरिने छ ।

६०. निजी क्षेत्रसँगको सहकार्यमा रोजगारीका अवसरको धरानवासीलाई सूसुचित गर्न समेत रोजगार सूचना केन्द्र को स्थापना गरिने छ ।

६१. युवा उद्यमशीलताको विकास गर्दै बेरोजगारी समस्या समाधान गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ । गृहिणी महिलाहरूका लागि घरमै रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन दिइने छ । यसका लागि सहकारीलाई परिचालन गरिने छ ।

६२. हिंसा वा दुर्व्यसनमा परेका ब्यक्तिलाई उपचार पश्चात पुनःस्थापन गर्न समाजमै घुलमिल गराई आफू पनि बाँचौ: अरुलाई पनि बचाऔं ,सभ्य र खुशी समाजमा बसौं भन्ने मानवीय भावना सहित समुदायमै सुरक्षा कायम गर्न टोल विकास संस्था मार्फत समेत प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

**खेलकुद** :

६३. युबालाई बहुआयामिक व्यक्तित्व विकास तथा उद्यमशिल नागरिकको रुपमा विकास गर्न हालको खेलकुद विकास समितिलाई पुनःसंरचना गरी ***युवा तथा खेलकुद विकास समिति*** वनाई एकीकृत रुपमा परिचालन गर्ने नीति लिईनेछ ।

६४. खेलकुदका विभिन्न प्रतियोगिताहरु र मेयरकप स्कुल ओलम्पीकलाई निरन्तरता दिईनेछ ।

६५. व्यायाम र खेलकुदलाई शहरी बासिन्दाको जीवनपद्धति बनाउन वडावडामा योग प्रशिक्षण, खेलकुद प्रशिक्षण शिविरजस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ ।

६६. नगरका प्रतिभाशाली खेलाडी र अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीहरूका लागि सम्मानस्वरूप पुरस्कारको व्यवस्था मिलाइने छ ।

६७. सामुदायिक विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था लाई निरन्तरता दिईने छ ।

६८. प्रदेश स्तरीय सुविधा सम्पन्न विषयगत स्टेडियम निर्माण गर्ने र कभर्ड हल पुनर्निमाण गरिनेछ ।

६९. साहसीक खेल पर्यटन प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

७०. धरान १६ मा रहेको रंगशालालाई प्रदेश स्तरीय वनाउन समन्वय गरिनेछ र धरान १५ मा रहेको क्रिकेट मैदान संचालनका लागि पहल गरिनेछ ।

७१. खेलकुद क्षेत्रका लागि रु. १ करोड २ लाख विनियोजन गरिएको छ ।

**स्वास्थ्य क्षेत्र**

७२. स्वास्थ्यलाई नेपालको संविधानले प्रत्याभूति गरे वमोजिम मौलिक हकको व्यवस्थालाई मुर्त रुप दिन आधारभूत स्वास्थ्य सेवा नगरभित्रका सवै नागरिकलाई गुणस्तरीय , सहज , सुलभ र निःशुल्क प्रदान गर्ने व्यवस्था गरिने छ । स्वास्थ्य क्षेत्रमा संचालित कार्यक्रमहरुलाई निरन्तरता दिई सो को प्रभावकारी कार्यान्वयन र अन'गमन गरिनेछ ।

७३. प्रत्येक वडामा बिषेशज्ञ सहितको एक घुम्ती शिविर संचालन गरिनेछ । धरान स्वास्थ्य चौकी अन्तर्गत रहेको वर्थिगं सेन्टरलाई सुदृढ र प्रभावकारी वनाइने छ । सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा प्रसूति कक्ष निर्माण गरिनेछ ।

७४. स्थानीय स्तरमा पाईने जडीवटी तथा औषधीजन्य पर्दाथको सम्वर्द्धन गर्दै चूर्ण औषधी उत्पादन गरी आयुर्वेद संस्था मार्फत वितरण गरिनेछ । स्वास्थ्य, वातावरणीय र धार्मिक महत्वलाई मनन गरी जडीवुटीजन्य वि?वा लगाउन प्रवर्द्धन गरिनेछ ।

७५. **“स्वस्थ शरीरः स्वस्थ्य मनः समृद्ध धरान”**अवलम्बन गरिने छ । धरानका सम्पूर्ण नागरिकहरुको स्वस्थ्यकर जीवनयापन गर्ने प्रणालीमा सुधार गर्न स्वस्थ जीवन कार्यक्रम र व्यक्तित्व विकास गर्नका लागि ध्यान र योग जस्ता कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

७६. प्रत्येक धरानवासीका लागि अनिवार्य स्वास्थ्य बिमाको कार्यक्रमलाई संघ र प्रदेश संगको समन्वयमा कार्यान्वयनमा ल्याइनेछ।

७७. प्रत्येक वडामा संघ र प्रदेशसंगको सहकार्यमा स्वास्थ्य संस्था स्थापना गरी स्वास्थ्य सेवाको पहुँच र सेवामा समानता कायम गराइनेछ ।

७८. स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न आवश्यक नीति नियम तर्जुमा गरी नियमित रुपमा अनुगमन गरिनेछ ।

७९. वि पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सुपरस्पेशालिटि अस्पतालको रुपमा विकास गर्न प्रोत्साहन एवं पहल गरिनेछ । साथै वडा स्तरीय स्वास्थ्य संस्थामा यो प्रतिष्ठानको सेवालाई आबद्ध गरी स्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

८०. लागु औषध दुर्व्यसन, एचआइभी एड्स तथा हेपाटाईटिस लगायत कठिन रोगको निदान तथा उपचारमा सचेतना मुलक एवं उपचारात्मक र पुनर्स्थापनाका कार्यक्रम संचालन गरिनेछ ।

**संस्कृतिः**

८१. कला, साहित्य तथा संस्कृतिको विकासका लागि धरान प्रज्ञा प्रतिष्ठानलाई प्रभावकारी वनाउँदै लगिनेछ । साथै धरान प्रज्ञा प्रतिष्ठानको स्थानीय कानून बनाई कार्यान्वयनमा ल्याई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

८२. उपमहानगरपालिका भित्रका विभिन्न समुदायका चाड, पर्व तथा मौलिक संस्कृतिहरूको संरक्षण गर्दै पर्यटकीय गतिविधि तथा अन्य कृयाकलापहरू तयार गरिने छ ।

८३. विजयपुर क्षेत्रको समग्र विकासको लागि गुरुयोजना वनाउने र दरबार क्षेत्रलाई पुरातत्वविद् तथा वास्तुविद्हरू समेतको सहभागितामा एक अध्ययन समिति गठन गरी उत्खनन् तथा संरक्षण गरिनेछ । साथै संघ र प्रदेशसंगको सहकार्यमा उत्कृष्ट पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

८४. संस्कृति र प्रकृति दुवै जोगाऔ भन्ने भावना जागृत गरिनेछ ।

**खानेपानी तथा सरसफाई :**

८५. स्वच्छ खानेपानी आपूर्तिको लागि सञ्चालित एकीकृत सहरी विकास आयोजना सम्पन्न गरिनेछ ।उक्त आयोजनाले नसमेटेका वडामा समेत खानेपानीको दीगो आपूर्ति गर्ने नीति लिइनेछ ।

८६. स्थानीय समुदायबाट सामुदायिक खानेपानी कार्यक्रम सञ्चालन गरी उपभोग गरिरहेका घरधुरीलाई पुराना ग्राहकसरहको शुल्कमा धारा जडान गरिने छ ।

८७. पानीको अभाव भएका समुदायहरूमा समेत साना खानेपानी आयोजनामार्फत खानेपानी पुर्‍याइने छ । विकट क्षेत्रका समुदायमा प्रयोग भैरहेका प्रमुख स्रोतको रुपमा रहेका सर्दु, खर्दु, सेउती, पकुवा, कोकाहा, सेरा, तामाखाम लगायतका सबै पानीका मुहानहरूको संरक्षण गर्दै आकाशेपानी लगायतको अन्य पानीका स्रोतहरूको संरक्षण तथा वितरणका लागि समुदायमा आधारित खानेपानी कार्यक्रम सञ्चालन गरिने छ ।

८८. हाल खानेपानी अभाव भएका वडाहरु (वडा नं. ४, ५, ६ र २०) को खानेपानी समस्या समाधान गर्न प्राथमिकता दिई कार्यक्रम अगाडी बढाईनेछ ।

८९. खेर जाने पानीलाई भूमिगत जलस्रोतको पुर्ननवीकरण गर्ने कार्य सञ्चालन गर्न प्रोत्साहित गरिने छ । नक्सापास गर्दाका बखत रिचार्ज पिटलाई अनिवार्य गरिनेछ ।

९०. “मेरो शहर मै सफा गर्छु“ अभियान सञ्चालन गरी शहरलाई सफा र वातावरणमैत्री शहर बनाउने नीति अवलम्बन गरिने छ ।मुख्य क्षेत्रमा “आजको फोहोर आजै उठाउने” नीति सहित फोहोर व्यवस्थापनलाई प्रभावकारी वनाउन वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र र प्रवर्धकसँग सम्पन्न भएको सम्झौता बमोजिम त्चभबक्तभलत एबिलत निर्माण गर्न नीजि क्षेत्रसंग सहकार्य गरी संकलन, शुद्धिकरण र पुनः उपयोग जस्ता बहुउद्येश्यमूलक कार्यवाट फोहोरलाई मोहोर वनाईनेछ । यसका लागि प्रति परिवार सफाइ शुल्क निर्धारण गरिनेछ ।

९१. सरसफाइ आचार संहिता तयार गरी  समुदाय, सार्वजनिक र नीजि क्षेत्रसंगको सहकार्यमा **धरान नगर : सधैं सफा शहर** वनाईनेछ । विद्यालयबाटै सरसफाइको अभियानमा समेत जोड दिइनेछ ।

९२. सार्वजनिक, सामुदायिक भवन वा अन्य संरचना अनिवार्य रुपमा वालमैत्री, अपांगतामैत्री, महिलामैत्री र वातावरणमैत्री हुनेगरी निर्माणगर्ने नीति लिईनेछ ।

९३. आ.व. २०७५।७६ मा नगरका सवै वडाहरुमा पूर्ण सरसफाइका सूचकहरु प्राप्त गर्न सरसफाइ अभियान संचालन गरिनेछ । वडा नं. ४, ५, ६ र २० लाई टोल विकास संस्थाको सहकार्यमा आगामी आ.व.०७५।७६ भित्र सफा वडा घोषणा गरिनेछ ।

**वातावरण र विपद् व्यवस्थापन सम्वन्धी :**

**जलवायु परिवर्तन**

९४. प्रविधिको उपयोग, जनचेतना एवं क्षमता अभिवृद्धि तथा आर्थिक स्रोतमा पहुंच पर्‍याई जलवायु अनुकुलन प्रवर्द्धन तथा प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी रुपमा अवलम्वन गर्दै लगिने छ ।

९५. स्वच्छ उर्जा जस्तै जलविद्युत, पुनर्नवीकरणीय तथा वैकल्पीक उर्जाको प्रयोग वढाउने तथा उर्जा दक्षता अभिवृद्धि एवं हरित प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै हरित गृहग्यासको (ङ्घन्ङ्घ) उत्सर्जनलाई न्यून गर्न जनचेतना अभिवृद्धि सहितका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९६. प्राकृतिक स्रोत र साधनको महत्तम (Optimum) उपयोग एवं सो को क’शल व्यवस्थापनका लागि स्थानीय समुदायको जलवायु अनुकुलन क्षमता अभिबृद्धि गर्दै लगिने छ ।

९७. जलवायु परिवर्तनवाट प्रभावित जनता, समुदाय तथा जलवायु-उत्पन्न एवं सम्भावित प्रकोप क्षेत्रहरुमा मध्यमकालीन तथा दीर्घकालीन अनुकूलनका कार्यहरुको पहिचान गरी कार्यान्वयन गर्दै लगिने छ ।

**विपद् व्यवस्थापन**

९८. बहुप्रकोप प्रतिरोधी संरचना निर्माण गर्ने नीतिलाई निरन्तरता दिंदै धरानलाई  सुरक्षित शहरको रूपमा विकास गर्दै लगिनेछ ।

९९. टोलतहसम्म विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी लगायतका कृयाकलापहरूको व्यवस्थित कार्ययोजना बनाई कार्यान्वयन गर्न वडास्तरीय विपद जोखिम व्यवस्थापन समिति गठन गरी जोखिमयुक्त वडामा आकस्मिक कोष समेत व्यवस्थापन गरिनेछ ।

१००. भूकम्पीय प्रवलिकरण कार्यलाई प्राथमिकताकासाथ अगाडी बढाईनेछ ।

१०१. धरान नगर क्षेत्र भित्रको विपद् जोखिम व्यवस्थापनका साथै विपद् प्रभावितलाई राहत उपलब्ध गराउने उद्धेश्यले विपद् व्यवस्थापन कोष परिचालन गरिनेछ । साथै यो कोष परिचालनका लागि आवश्यक कार्यविधि र राहत मापदण्ड समेत तयार गरी लागू गरिनेछ ।

१०२. नगरवाट योजना, कार्यक्रम वा विकासको समग्र प्रक्रियामा ***विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण*** गर्न क्षेत्रगत अवधारणा सहित स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

१०३. उद्धार र राहत सामाग्रीको भण्डारण र परिचालन वडा कार्यालयवाट हुने व्यवस्था मिलाईनेछ ।

१०४. संकटासन्न वस्तीलाई स्थानान्तरण गर्न संघ र प्रदेशसंग सहकार्य गरिनेछ ।

**सहरी पूर्वाधार विकासतर्फ**

१०५. उपमहानगरबाट पारित एकीकृत सहरी विकास आयोजनामा उल्लेख भएका तर उपमहानगरपालिकाको सीमित स्रोत साधनबाट सञ्चालन गर्न नसकिने दीर्घकालीन र ठूलो लागत रकम लाग्ने आयोजना समेतलाई ***आयोजना बैंक (प्रोजेक्ट बैंक)*** को रुपमा सूचिकृत गरी प्रदेश सरकार, संघीय सरकार र अन्य विकास साझेदारहरुको सहयोगमा सञ्चालन गर्ने नीति लिइनेछ ।

१०६. उपमहानगरबाट पारित एकीकृत सहरी विकास आयोजनालाई मुख्य आधार मानी सहरी पूर्वाधार सम्बन्धी आयोजनाहरुलाई ***धरान गौरवका आयोजनाहरु***, जनसहभागितामा आधारित ***नगरस्तरीय आयोजना*** तथा ***वडा्स्तरीय आयोजना***मा वर्गीकरण गरी सहरी पूर्वाधार विकास तर्फका कार्यक्रमहरु छनौट गरिनेछ ।

१०७. धरान गौरवका आयोजनाहरुमा विशेषतः चालु आ.व.मा सञ्चालित नगरस्तरीय ठूला आयोजनालाई सम्पन्न गर्ने लक्ष्यका साथ रु. ७ करोड विनियोजन गरेको छु ।

१०८. जनसहभागितामा आधारित नगरस्तरीय योजनाहरुमा सकेसम्म बढी भन्दा बढी जनसहभागिता हुने योजनाहरु छनौट गरिनेछ । यसरी योजनाहरु छनौट गर्दा कम्तिमा एक वडामा एउटा योजना पर्ने सुनिश्चितता गरी रु. ४ करोड ६७ लाख विनियोजन गरेको छु ।

१०९. वडा स्तरीय योजनाहरुका लागि वडाको जनसंख्या, भूगोल, गरीवीको अवस्थाको आधारमा धरान उपमहानगरमा समायोजन भई आएका वडाहरुलाई थप प्रोत्साहन हुने किसिमले वडा स्तरीय बजेटमा रु. ८ करोड ६० लाख पूजिगत बजेट विनियोजन गरेको छु ।

११०. विगतदेखि सञ्चालनमा रहेका र चालु आ.व.मा क्रमागत योजनाहरुलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी रु. १३ करोड बजेट विनियोजन गरेको छु ।

१११. विभिन्न सडक ढल लगायत अन्य संरचनाहरुको आवधिक मर्मत सम्भारका लागि सडक बोर्ड नेपाल लगायतका संस्थाहरुको सहयोगमा प्रभावकारी ढंगबाट मर्मत सम्भार कार्यलाई अगाडी बढाईनेछ ।

११२. कार्यपालिकाको निर्माणाधीन कार्यालय भवनको निर्माणकार्यलाई निरन्तरता दिईने र वडा कार्यालयका भवन वर्तमान र भविष्यको आवश्यकता पूरा हुने गरी स्तरोन्नति तथा नयाँ निर्माण गर्दै आफ्नै भवनबाट सेवा प्रवाह हुने व्यवस्थालाई प्राथमिकता दिई संघ र प्रदेश सरकारको साझेदारीमा अगाडी बढाइनेछ ।

११३. संघीय सरकार, प्रदेश सरकार तथा संघीय एवम् प्रदेश सभा सदस्यज्यूको कोषबाट विनियोजन भएका कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखी साझेदारीमा सम्पन्न गर्ने नीति लिइनेछ ।

११४. धरान ८ स्थित तीनकुने सुन्दर वस्ती विकास आयोजनाको काम तथा उक्त क्षेत्रमा बनिने ***स्मार्ट बसपार्क*** निर्माणको कार्यलाई प्रदेश सरकार तथा नगर विकास कोषको आर्थिक तथा प्राविधिक सहयोगमा आगामी आर्थिक वर्षबाट शुरुवात गरिनेछ । साथै धरान ३ स्थित पालिका तरकारी बजार रहेको स्थानमा आधुनिक सपिंग कम्प्लेक्स् निर्माण कार्य र धरान ८ स्थित सभागृहको पुनःनिर्माणलाई नगर विकास कोषको आर्थिक तथा प्राविधिक सहयोगमा आगामी आर्थिक वर्षबाट शुरुवात गरिनेछ ।

११५. धरानको पर्यटकीय विकासका लागि कोकाहा खोला कृत्रिम ताल, खहरे खोला कोरिडोर तथा दन्तकाली, बुढासुब्बा, पिण्डेश्वर, पञ्चकन्या र विष्णुपादुका मन्दिरको पुरातात्विक पुनःनिर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ ।

११६. मुख्य सडकहरु विशेष गरी नयाँ बजार, पुरानो बजार र निर्माणाधिन जनपथ, विजयपुर सडक र देशीलाईनमा विद्युतीय तारहरू, टेलिकम र केबुल लगायतका अन्य तारहरूलाई व्यवस्थित गर्दै जमिनमुनि बिछ्याउने कार्यका लागि सम्बन्धित पक्षहरु तथा विकास साझेदारहरुसँग समन्वय गरिनेछ ।

११७. नगर क्षेत्रभित्र निर्माण गरिने भौतिक पूर्वाधारहरू बालमैत्री अपाङ्गमैत्री, वातावरणमैत्री र लैङ्गिकमैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

११८. आन्तरिक चक्रपथ (सर्दू सेउती कोरिडोर) तथा वाह्य चक्रपथको अवधारणालाई मूर्त रुप दिन, शहरको कृषि क्षेत्रलाई मुख्य बजारसम्म सुगम पहुँच पुऱ्याउनका लागि प्रत्येक वडाका केन्द्रलाई टोल र गाँउसँग जोड्ने र प्रत्येक वडा केन्द्रलाई मुख्य बजारसम्म जोड्ने गरी सडकको विस्तार र स्तरोन्नति गर्न तथा ती वडामा आवश्यक पर्ने पुल निर्माण गर्न साथै छिमेकी गाँउ/नगर जोड्ने पहूंच मार्गको स्तरोन्नती गर्न बजेट व्यवस्थापनका लागि स्थानीय तह, प्रदेश र संघीय सरकार संग आवश्यक पहल गरिनेछ ।

११९. नगरका विभिन्न क्षेत्रहरुलाई जोडेर रुट निर्धारण गरी सार्वजनिक निजी साझेदारीमा नगर वस सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१२०. सडक बत्ती व्यवस्थापनलाई अझ बढी चुस्त दुरुस्त बनाउन सम्बन्धित वडा कार्यालयहरुलाई नै स्रोत साधन उपलब्ध गराई बढी जिम्मेवार बनाइने नीति अवलम्वन गरिनेछ ।

१२१. सडकमा हरियाली अभिवृद्धि गर्न समुदाय, उपभोक्ता समिति एवम् सम्बन्धित संस्थाहरुलाई प्रोत्साहन गरिनेछ । सडक वृक्षारोपण अभियान अन्तर्गत निर्माणाधिन सडकहरुको जाँचपास एवम् फरफारक गर्नु अघि सडक छेउ वृक्षारोपण गरिए नगरिएको यकीन गरिनेछ । साथै उपमहानगरपालिकाबाट सडकमा रोपिने बोट विरुवाहरुको हेरचाह गर्नका लागि मालीको समेत व्यवस्था गरिनेछ ।

१२२. साइकल सिटीको रुपमा विकसित गर्नका लागि मौजूदा सडकहरुमा साइकल लेन बनाउन तथा अपाङ्गमैत्री संरचनाहरु बनाउनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१२३. विद्युत सेवा एवम् दूर संचार सेवा पर्याप्त रुपमा प्राप्त नभएका नगरका वडाहरुमा गुणस्तरीय तथा पर्याप्त सेवाको सुनिश्चितता गर्नका लागि नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम लगायतका संस्थाहरु एवम् विकास साझेदारहरुसँग समन्वय गरिनेछ ।

१२४. नगर यातायात गुरु योजना अद्यावधिक गरी सडक, चोक र घर नम्बर मोबाइल एपमा समेत जनताले हेर्न र खोज्न सक्ने व्यवस्था गरिनेछ।

**भूमि व्यवस्थापन तथा भवन नियमन तर्फ**

१२५. नेपाल राष्ट्रिय भवन निर्माण संहिता २०६०, बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धि मापदण्ड २०७२, राष्ट्रिय भू उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमनसम्बन्धि ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई अझ बढी कडाईका साथ लागू गरी सुरक्षित एवम् व्यवस्थित सहर निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२६. धरान उपमहानगरभित्र बन्ने संस्थागत, सार्वजनिक तथा ब्यापारिक भवनहरूमा तथा १० धुरभन्दा बढी क्षेत्रफल भएको जग्गामा बनिने आवासीय भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

१२७. हरित आवास निर्माणका लागि दीगो निर्माण सामाग्रीको प्रयोग, उर्जा किफायति एवम् वैकल्पिक उर्जा प्रविधिको प्रयोग, वर्षाते पानी संकलन प्रविधिको प्रयोग, घरेलु ठोस तथा तरल फोहोरको दीगो व्यवस्थापन, वृक्षारोपण, फुलवारी, करेसावारी तथा कौशी खेतीको प्रयोग, निश्क्रिय सौर्य डिजाइन लगायतका विधिहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

१२८. खेर जाने पानीलाई भूमिगत जलस्रोतको पुर्ननवीकरण गर्ने कार्य सञ्चालन गर्न प्रोत्साहित गरिने छ । भवन नक्सापास गर्ने प्रकृयामा निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्नु अघि भूमिगत जलस्रोतको पुर्ननवीकरणको काम र भवन बनिने जग्गामा रुख रोप्ने स्थान भएमा तोकिएका रुख रोपे नरोपेको यकीन गरिनेछ ।

१२९. पुराना तथा भूकम्पीय दृष्टिकोणले जोखिमयुक्त सरकारी, संस्थागत तथा नीजि भवनहरुको भूकम्पीय प्रवलिकरण गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

१३०. भू–खण्डिकरणलाई निरुत्साहित गर्न मालपोत तथा नापी कार्यालयहरुसंगको समन्वयमा मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१३१. धरान क्षेत्रभित्रका कोशी राजमार्ग र मदन भण्डारी राजमार्गको सिमाना (एलाइन्मेन्ट) सम्बन्धमा देखिएको अन्योलतालाई हटाउन संघीय सरकारसँग समन्वय गरिनेछ ।

१३२. वन, कृषि, जलाधार एवम् सम्पदा क्षेत्रको संरक्षणका लागि आवश्यक नीति बनाईनेछ ।

१३३. भवन नक्सापास प्रकृयालाई अझ बढी सरल, पारदर्शी एवम् चुस्त बनाउनका लागि अनलाईन प्रविधिको प्रयोग हुने गरी विद्युतीय घरनक्सापास प्रकृया (Electronic Building Permit System/ E-BPS)२०७५ श्रावणदेखि शुरु गरिनेछ ।

१३४. नक्सापास नगरी भवन निर्माण गर्ने कार्यलाई रोक्न र सुरक्षित आवासमा बस्न प्रोत्साहन गर्न घरधूरीगत अनुगमनलाई कडाईका साथ अगाडी बढाइने नीति लिइनेछ । यसका लागि एक विशेष समिति (त्वकप ँयचअभ) बनाई त्यस्ता भवनको खोजी गरी आवश्यक कारवाही गरिनेछ ।

१३५. सुकुम्वासी तथा अव्यवस्थित बसोवासको व्यवस्थापन कार्यलाई निरन्तरता दिई थप प्रभावकारी बनाउँदै लगिनेछ । घर नम्बरिंग ठेगाना प्रणाली र असुरक्षित रुपमा बसेका सुकुम्वासीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न नमुना वस्ती विकास कार्यक्रमनिरन्तरताको लागि लागि रु. ८० लाख विनियोजन गरिएको छ ।

१३६. धरान उपमहानगरपालिका हालका वडा नं १,२,३,७,८,९,१०,११,१२,१३,१४,१५,१६,१७ (साविक विष्णुपादुका गा वि स बाहेक) १८,१९ मा इजाजत नलिई निर्माण भएका भवनहरु राष्ट्रिय भवन निर्माण संहिता विपरित र सधियार साथै सडक सेट व्याक नपुग भएअर्को व्यवस्था नभएसम्म अभिलेखिकरण मात्र हुने ।

**आर्थिक व्यस्थापन तथा राजस्व परिचालन सम्बन्धी नीति :**

१३७. नेपालको संबिधान बमोजिमका करसमेतको दायरा फराकिलो बनाई सबै करदाताहरूलाई करको दायरामा ल्याउने करदाता मैत्री राजस्व प्रशासनको व्यवस्था गरिने छ ।

१३८. कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै क्रमशः स्मार्ट (विद्युतीय सूचनामा आधारीत) कर प्रणाली लागू गर्ने नीति अवलम्वन गरिनेछ ।

१३९. राजस्व सुधार कार्ययोजनालाई प्भावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१४०. नतिजामा आधारित खर्च व्यवस्थापन र कार्यक्रम तथा बजेट पद्दतिको अवलम्बन गरिने छ ।

१४१. बहाल कर संकलनलाई विशेष कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१४२. करको प्रभावकारी संकलन र व्यवस्थापनको लागि कर असुली रणनीति तय गरी वडा तथा नगरस्तरीय कार्यक्रम सन्चालन गरिनेछ ।

१४३. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाइने छ ।

१४४. राजस्व परिचालन सम्बन्धी स्थानीय कानूनहरुको निर्माण गर्ने र कार्यान्वयनमा रहेका कानूनहरुमा समायानुकुल अद्यावधिक गरिनेछ ।

१४५. स्थानीय र रेमिट्यान्सबाट प्राप्त हुने पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अनुरुप आयमूलक परियोजनामा लगानी गर्नका लागि संस्थागत व्यवस्था गरिनेछ ।

१४६. वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतका सरकारी तथा अर्धसरकारी निकायहरुको स्वामित्वमा रहेको घरजग्गालाई प्रचलित कानून अनुसार घरनक्सा पास प्रकृयामा आवद्ध गरी सुरक्षित आवासको प्रत्याभूति सहित घरनक्सा पास दस्तुर, सम्पत्ति कर र अन्य सेवा शुल्कको दायरामा लाई आन्तरीक आयमा समावेश गरिनेछ ।

१४७. नगरपालिकाको स्वामित्व र रेखदेखमा रहेका सम्पत्तीहरुबाट आयमा बृद्धि गर्न सार्वजनिक प्रतिस्पर्धाको माध्यमबाट व्यवस्थापन गरिनेछ । गैरकर आम्दानीको क्षेत्रको पहिचान तथा पहिचान भएकाको श्रोतहरुलाई सुदृढ गरि आन्तरिक आम्दानीलाई वृद्धि गरिनेछ ।

१४८. राजस्व असुलीलाई सेवासुविधासंग आवद्ध गरि कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१४९. नगरको राजस्वलाई प्रभावकारी बनाउन नगर प्रहरीको परिचालन समेत गरी कडाईका साथ राजस्व नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

**आर्थिक विकास क्षेत्र**

१५०. धरानलाई आर्थिक समृद्धि र अवसरको केन्द्रको रूपमा विकास गर्न स्वास्थ्य, शिक्षा, वाणिज्य, कृषि, औद्योगिक प्रविधि तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानीमैत्री वातावरण बनाइनेछ ।

१५१. नगरको अर्थतन्त्रको मुख्य श्रोतको रुपमा रहेको बैदेशिक रोजगारबाट प्राप्त हुने बिप्रेषण ९च्भmष्तबलअभ०को व्यवस्थापन गर्न सोसंग सम्बन्धित निकाय, संघ संस्थासँग समन्वय गरी प्रबर्द्धनात्मक कार्यहरु संचालन गरिनेछ ।

- **कृषि तथा पशुपालन**

१५२. पारम्परिक ढंङ्गवाट गर्दै आइरहेको खेतीलाई आधुनिकिकरण गरी उत्पादनमा वृद्धि गर्ने नीति लिइनेछ । साथै आधुनिक खेती प्रविधि सम्वन्धि तालिमको ब्यबस्था थप गरिनेछ । ब्यबसायिक खेतीकालागि कृषि यन्त्रहरुको प्रयोगमा अनुदानको ब्यबस्था मिलाइनेछ।

१५३. कृषि उत्पादनका लागि वर्षायाममा भरपर्दै आइरहेका कृषकहरुलाई सिचाईका अन्य विकल्पहरु प्लास्टिक पोखरी, थोपा सिचाइ, सोलार पम्प जस्ता प्रविधिहरुको खोजीगरी बाह्रै महिना कृषि उत्पादन गर्न सक्ने अवस्था अभिवृद्धि गरिनेछ ।

१५४. तरकारी उत्पादनको लागि ब्यवसायिक खेती,करेसावारी र कौसीखेतीको उपयोग गर्न नमुना कार्यक्रम गरी प्रोत्साहित गरिनेछ।

१५५. कृषकलाई कृषिमा आकर्षित गर्न विभिन्न किसिमका विउ बिजनमा अधिकतम ७५ प्रतिशत सम्म अनुदानको ब्यबस्था मिलाइनेछ ।

१५६. प्राङगारिक मल तथा वोन मिल (हड्डिको धुलो)उत्पादन गरी जमिनको उर्वरा शक्ति बढाउन निजि क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गर्ने निति अवलम्वन गरिनेछ ।

१५७. प्राङगारिक हाटबजार छुट्टै संचालन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१५८. प्रतिबन्धित विषादीको आयात र बिक्रि वितरणलाई नगर भित्र पुर्ण निषेध गर्ने तथा रसायनिक विषादीलाइ न्युनीकरण गरी कृषि उत्पादनमा जैविक र वनस्पती जन्य विषादीको प्रयोगमा वृद्धि गरी ***स्वस्थ उत्पादन र स्वस्थ खानपानू*** अभियान चलाइनेछ । पशुपंक्षि उत्पादन गर्दा मानव स्वास्थ्यमा हानी पुर्‍याउने हर्मोन तथा एन्टिबायोटिकको गलत प्रयोगलाई रोक लगाउन अनुगमन गरिनेछ ।

१५९. प्राङगारिक मलको उत्पादनलाई प्रोत्साहीत गरी रसायनिक मलको आयात र प्रयोगमा न्युनीकरण गर्दै लगिनेछ।

१६०. आधुनिक खेती भइरहेको फर्म, समुह वा अनुसन्धान केन्द्रहरुमा कृषकहरुलाई अवलोकन भ्रमण गराइनेछ।

१६१. पशुहरुलाइ चाहिने दाना बनाउने किसिमका उद्योगहरु नगर भित्र स्थापना गरेमा तीन वर्षसम्म ब्यबसाय कर छुट दिइनेछ।

१६२. पशु नश्ल सुधारकालागि कृतिम गर्भाधान तथा प्राकृतिक गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ । पशुपंछी तथा पशुआहार श्रोतकेन्द्र धरान १३ मा स्थापना गर्ने र घाँसका विउ तथा विरुवा वितरण समेत वृद्धि गरिनेछ।

१६३. पशुजन्य उत्पादनलाई मापदण्ड परिपालना गर्ने गराउने वातावरण वनाइ वजार अनुगमनलाइ प्रभावकारी वनाउदै डेरी, मासुपसल तथा वधस्थलहरुको स्तर उन्नतीमा सहयोग गर्ने तथा पशुको स्वास्थ्य सुधारका कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१६४. दुध फूल (अण्डा)र मासु उत्पादनमा वृद्धि गर्न तथा युवा कृषकहरुलाई रोजगारीकालागि अनुदानको व्यवस्था मिलाइनेछ।

१६५. मौरीघार फलफुल तथा रुद्राक्षका विरुवामा साझेदारीमा अनुदानको व्यबस्था मिलाइनेछ।

१६६. कृषि तथा पशुजन्य उत्पादन विशेष रुपले कालो बंगुर र कुखुरा पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ । नगर क्षेत्रभित्रका उच्च तथा चरण क्षेत्र भएका वडामा सम्भावनाको आधारमा व्यवसायिक रुपमा गाई पालन तथा बाखापालन गर्न समेत प्रोत्साहित गरिनेछ ।

१६७. नागरिक सचेतना केन्द्रको समन्वयमा वडा तथा समुदायमा रहेका युवालाई पशुपालन तथा कृषि क्षेत्रमा वार्षिक रुपमा ५ जना सम्मलाइ तालिम दिई प्राविधिक उत्पादन गर्ने नीति लिईनेछ ।

१६८. वडा नं.४,५, ६,१७ र २० मा अर्गानिक बेसार, अदुवा र अम्लिसो खेतीको प्रबर्द्धनको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१६९. कृषि उपज बजार स्थललाई व्यवस्थित रुपले संचालन गर्न दिई आएको सहयोगलाई निरन्तरता दिँदै साविक विष्णुपादुका तथा पांचकन्या क्षेत्रमा कृषि उपज संकलन केन्द्र स्थापना गर्न समन्वय गरिनेछ । उपज आपूर्ति गर्ने छिमेकी स्थानीय तहसंग समन्वय गरी सुरक्षित कृषि उपज आपूर्तिको व्यवस्था मिलाउन र कृषि उपज आपूर्ति गर्ने छिमेकी गाउपालिकाहरु जोड्ने लिंक सडक विकासको लागि आवश्यक समन्वय गरिनेछ ।

१७०. नगर क्षेत्र र छिमेकी स्थानीय तहमा रहेका साना किसानसंग समन्वय गरी बिषादि रहित जैविक (अर्गानिक) कृषि उपजको विकास गरिनेछ । वडा नं. २० र ४ लाई अकबरे खोर्सानी खेतियोग्य क्षेत्रको रुपमा प्रबर्द्धन गरी अकबरे खोर्सानी खेति गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

## सहकारी तथा उद्योग तर्फ

१७१. एक परिवार एक सहकारीको सदस्यको नितिलाइ निरन्तरा दिइनेछ ।

१७२. एकै प्रकृतिका सहकारी संस्थाहरु एक आपसमा गाभ्न प्रोत्साहन गर्न ब्यबसाय करमा आगामी आर्थिक वर्षमा ५० प्रतिशत करमा छुट गरिनेछ ।

१७३. सुपथ मुल्यमा दैनिक खाध्य वस्तु बिक्रि वितरण गर्ने सहकारी संस्थालाइ आगामी आर्थिक वर्षमा घर वहाल कर र ब्यबसाय करमा ५० प्रतिशत छुट दिइनेछ ।

१७४. उत्पादक सहकारीको विकासलाइ जोड दिइनेछ ।

१७५. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, गरीव, सिमान्तकृत, भुमिहिन तथा पिछडिएका समुदायलाइ सहकारी ब्यबसाय मार्फत जिविकोपार्जन कार्यमा लगाउँन नगरपालिका सहकारी साझेदारीमा फलफुल कृषि तरकारी पशुपालन मत्सपालन जस्ता उधोगहरुको स्थापना तथा संचालन गर्ने सहकारीलाइ प्रर्वद्धन गर्न कार्यक्रममा साझेदारी गरिनेछ ।

## शिप विकास तथा स्वरोजगारी तर्फ

१७६. आर्थिक विकासका संम्भावना भएका श्रम सघन रोजगारिका सबै क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रमा लगानीलाई प्रोत्साहित गरिनेछ।

१७७. रोजगारीलाई गरिबी निवारण र समग्र आर्थिक विकासको एक सशक्त माध्यमको रुपमा अंगिकार गर्दै सबै स्थानिय कार्यक्रम तथा लगानीलाई रोजगारी तथा उत्पादकत्व बृद्धिको दृष्टिकोणबाट विश्लेषण गर्ने परिपाटी अबलम्बन गरिनेछ।

१७८. रोजगारमुलक पुर्वाधार र स्थानिय विकासका कार्यक्रम (जस्तैः ग्रामीण सडक,लघु सिचाई,स्वास्थ, शिक्षा आदि कार्यक्रमहरु संचालन गरी थप रोजगारी सृजना गरिनेछ।

१७९. उद्यमशिलता तथा लघु उद्यमको विकास गरी स्वरोजगारका लागि अवसरको सृजना गर्ने तर्फ जोड दिइनेछ।

१८०. रोजगारीका संभावनाहरुमा अभिबृद्धि गर्नका लागि व्यसायिक एवं पेशा सम्बन्धि परामर्श सेवा जस्ता कार्यक्रमहरु संचालन गर्न प्रत्साहन गरिनेछ।

१८१. उद्योगको विस्तार,लगानी प्रर्वद्धन र रोजगारी बढाउन उपयुक्त स्थानीय नीति तथा कानून सहित सार्वजनिक, निजी, सहकारी साझेदारीको व्यवस्था मिलाइनेछ।

१८२. बढी रोजगारका अवसर सृजना गर्ने तथा नमुना रोजगारीदाताको रुपमा रहेका प्रतिष्ठान तथा व्यवसायहरुलाई प्रोत्साहित र पुरस्कृत गरिनेछ।

१८३. सुरक्षित बैदेशिक रोजगारका लागि जान चाहने युवा, महिलाका लागि आवश्यक सुचना जानकारीमुलक कार्यक्रम संचालन गरिनेछ।

१८४. स्थानीय, प्रादेशिक तथा राष्ट्रिय तालिम प्रदायक निकायसंग समन्वय गरी स्थानीय स्तरमा नै रोजगारी प्राप्त गर्ने तालिम दिन समन्वय गरीनेछ ।

**पर्यटन विकास**

१८५. पर्यटन गुरुयोजनाका आधारमा पर्यटन पूर्वाधार विस्तार तथा पर्यटन विकासका कार्यक्रम सञ्चालन गर्न संघ र प्रदेशसँगको सहकार्यमा रु. २ करोड ६२ लाख बजेट प्रस्ताव गरिएको छ ।

१८६. धरानलाई पर्यटकिय गन्तव्य स्थलको रुपमा विकसित गर्न विभिन्न कृयाकलापहरु सञ्चालन तथा पहाडी वडाका उपयुक्त क्षेत्रमा पर्यटकीय गतिविधि गरी जिवन्त धरान बनाईनेछ । हर्दिया धरान-४ मा मनमोहन स्मृति पार्क निर्माण गरी पर्यटकीय आकर्षणको केन्द्र बनाइने छ । सञ्चालन गर्न आवश्यक पूर्वाधारको विकास गर्दै लाने नीति लिइने छ ।

१८७. साहसिक पर्यटन, साइक्लिङ्ग, पदमार्ग र पदयात्रा, होमस्टे, होटल व्यवसाय आदिको विकास गर्न बजेट विनियोजन गरेको छु ।

१८८. प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ***अतिथि मैत्रीः धराने सस्कृति***को भावना जागृत गर्दै पर्यटक ल्याउने, घुमाउने, धेरै दिन टिकाउने, मिठो खुवाउने नीतिलाई सरोकारवाला र छिमेकी स्थानीय तहसँग सहकार्य गरी प्रवर्द्धन गरिनेछ ।

१८९. ऐतिहासिक र महत्वपूर्ण सम्पदाको संरक्षण गर्ने नीति लिइनेछ । साथै पर्यटकीय क्षेत्रमा सौर्य वा वैकल्पिक ऊर्जाको व्यवस्था गरी उज्यालो धरान बनाउने अभियान निरन्तरता दिइनेछ ।

१९०. संघ, प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा केवुलकार निर्माण परियोजना सञ्चालन गर्न समन्वय गरिनेछ ।

**अन्तमा ,**

आ.ब. २०७५।०७६ को नीति कार्यक्रम तथा वजेट तर्जुमा कार्यमा संलग्न राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, विभिन्न विषयगत समितिहरु, सबै वडा समितिहरु, नीति कार्यक्रम तथा बजेटका लागि अमूल्य राय सुझाव उपलब्ध गराउने राजनीतिक दल, गुरु वर्ग, पत्रकार, नगरका गन्यमान्य व्यक्तित्वहरु, नगर कार्यपालिकाका सदस्यहरु, नगर सभाका सदस्यमा आभार व्यक्त गर्दछु साथै सम्पूर्ण कर्मचारी र सरोकारावालामा धन्यवाद ज्ञापन गर्दछु ।साथै यो

नीति, कार्यक्रम तथा वजेटको सफल र प्रभावकारी कार्यान्वयनमा समेत सबैको साथ सहयोगको सदा झैं अपेक्षा गर्दछु । धेरै धन्यवाद ।